"मीठे बच्चे– अहिले तिम्रो सुनुवाइ भएको छ , आखिर त्यो दिन आयो जब तिमी उत्तम भन्दा उत्तम पुरुष यस पुरुषोत्तम सङ्गमयुगमा बनिरहेका छौ।"

प्रश्नः– हार र जितसँग सम्बन्धित कुन यस्तो एक भ्रष्ट कर्म छ, जसले मनुष्यलाई दु:खी बनाउँछ?

उत्तरः– "जुवा"। धेरै मनुष्यहरूमा जुवा खेल्ने आदत हुन्छ, यो भ्रष्ट कर्म हो किनकि हार्नाले दु:ख, जित्नाले खुसी हुन्छ। तिमी बच्चाहरूलाई बाबाको आदेश छ– प्यारा बच्चाहरू, दैवी कर्म गर। यस्तो कुनै पनि कर्म नगर्नु जसमा समय बर्बाद होस्। सदैव बेहदको जित पाउने पुरुषार्थ गर।

गीतः– आखिर वह दिन आया आज......

ओम् शान्ति। डबल ओम् शान्ति। तिमी बच्चाहरूले पनि भन्नुपर्छ ओम् शान्ति। यहाँ फेरि छ डबल ओम् शान्ति। एक सुप्रीम आत्मा (शिवबाबा) भन्नुहुन्छ ओम् शान्ति, दोस्रो यी दादा भन्नुहुन्छ ओम् शान्ति। फेरि तिमी बच्चाहरू पनि भन्छौ– हामी आत्मा शान्त स्वरूप हौँ, रहनेवाला पनि शान्ति देशका हौँ। यहाँ यो स्थूल देशमा पार्ट खेल्न आएका छौँ। यी कुरा आत्माहरूले बिर्सिएका छन् फेरि आखिर त्यो दिन त अवश्य आएको छ, जब सुनुवाइ हुन्छ। कुन सुनुवाइ? भन्छन्– बाबा दु:ख हरेर सुख दिनुहोस्। हरेक मनुष्यले सुख-शान्ति नै मन पराउँछन्। बाबा हुनुहुन्छ पनि गरिब निवाज। यस समय भारत बिल्कुल गरिब छ। बच्चाहरूलाई थाहा छ– हामी बिल्कुल धनवान थियौँ। यो पनि तिमी ब्राह्मण बच्चाहरूलाई थाहा छ, बाँकी त सबै जङ्गलमा छन्। तिमी बच्चाहरूलाई पनि नम्बरवार पुरुषार्थ अनुसार निश्चय छ। तिमीलाई थाहा छ– उहाँ हुनुहुन्छ श्री श्री, उहाँको मत पनि श्रेष्ठ भन्दा श्रेष्ठ छ। भगवानुवाच छ नि। मनुष्यले त राम-रामको यस्तो धुन लगाउँछन् जस्तै बाजा बज्छ। अब राम त त्रेताका राजा थिए, उनको महिमा ठूलो थियो। १४ कला थियो। दुई कला कम, उनको लागि पनि गाउँछन्– राम राजा, राम प्रजा,...... तिमी धनवान बन्छौ नि। रामभन्दा ज्यादा धनवान फेरि लक्ष्मी-नारायण हुनेछन्। राजालाई अन्नदाता भनिन्छ। बाबा पनि दाता हुनुहुन्छ, उहाँले सबै कुरा दिनुहुन्छ, बच्चाहरूलाई विश्वको मालिक बनाउनुहुन्छ। त्यहाँ कुनै अप्राप्त वस्तु हुँदैन, जसको लागि पाप गर्नुपरोस्। त्यहाँ पापको नाम हुँदैन। आधाकल्प हुन्छ दैवी राज्य फेरि आधाकल्प हुन्छ आसुरी राज्य। असुर अर्थात् जसमा देह-अभिमान छ, ५ विकार छन्।

अहिले तिमी आएका छौ खिवैया अथवा बागवानको पासमा। तिमीलाई थाहा छ– हामी सिधै उहाँको पासमा बसेका छौँ। तिमी बच्चाहरू पनि बस्दा-बस्दै बिर्सन्छौ। भगवानले जे आदेश गर्नुहुन्छ त्यो मान्नुपर्छ नि। पहिला त उहाँले श्रीमत दिनुहुन्छ श्रेष्ठ भन्दा श्रेष्ठ बनाउनको लागि। त्यसैले मतमा चल्नुपर्छ नि। पहिलो-पहिलो मत दिनुहुन्छ– देही-अभिमानी बन। बाबाले हामी आत्माहरूलाई पढाउनुहुन्छ। यो पक्का-पक्का याद गर। यो अक्षर याद गर्‍यौ भने बेडा पार छ। बच्चाहरूलाई सम्झाइएको छ, तिमीले नै ८४ जन्म लिन्छौ। तिमी नै तमोप्रधानबाट सतोप्रधान बन्छौ। यो दुनियाँ त पतित दु:खी छ। स्वर्गलाई भनिन्छ सुखधाम। बच्चाहरूलाई थाहा छ– शिवबाबा, भगवानले हामीलाई पढाउनुहुन्छ। उहाँका हामी स्टुडेन्ट हौँ। उहाँ पिता पनि हुनुहुन्छ, टिचर पनि हुनुहुन्छ, त्यसैले पढ्नु पनि राम्रोसँग पर्छ। दैवी कर्म पनि चाहिन्छ। कुनै भ्रष्ट कर्म गर्नु हुँदैन। भ्रष्ट कर्ममा जुवा पनि आउँछ। यसले पनि दु:ख दिन्छ। हार्‍यो भने दु:ख हुन्छ, जित्यो भने खुसी हुन्छ। अहिले तिमी बच्चाहरूले मायाबाट बेहदको हार खाएका छौ। यो हो पनि बेहदको हार र जितको खेल। ५ विकार रूपी रावणबाट हार्‍यौ भने हार हुन्छ, उनीहरूमाथि जित पाउनु छ। मायाबाट हार्‍यौ भने हार हो। अब तिमी बच्चाहरूको जित हुनु छ। अब तिमीले पनि जुवा आदि सबै छोडिदिनुपर्छ। अब बेहदको जित पाउनेमा पूरा ध्यान दिनुपर्छ। कुनै पनि यस्तो कर्म गर्नु छैन, समय बर्बाद गर्नु छैन। बेहदको जित पाउनको लागि पुरुषार्थ गर्नु छ। गराउनेवाला बाबा समर्थ हुनुहुन्छ। उहाँ हुनुहुन्छ सर्वशक्तिमान्। यो पनि सम्झाइएको छ– केवल बाबा सर्वशक्तिमान् हुनुहुन्न। रावण पनि सर्वशक्तिमान् छ। आधाकल्प रावण राज्य, आधाकल्प राम राज्य चल्छ। अहिले तिमी रावणमाथि जित पाउँछौ। अब ती हदका कुरा छोडेर बेहदमा लाग्नु छ। खिवैया आउनुभएको छ। आखिर त्यो दिन आएको त छ नि। पुकारको सुनुवाइ हुन्छ उच्च भन्दा उच्च बाबाको पासमा। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू, तिमीले आधाकल्प धेरै धक्का खायौ। पतित बनेका छौ। पावन भारत शिवालय थियो। तिमी शिवालयमा रहन्थ्यौ। अहिले तिमी वेश्यालयमा छौ। तिमी शिवालयमा रहनेहरूलाई पुज्छौ। यहाँ यी अनेक धर्महरूको कति घमासान छ। बाबा भन्नुहुन्छ– यी सबैलाई म

खत्तम गरिदिन्छु। सबैको विनाश हुनु छ, धर्म-स्थापकले विनाश गर्दैनन्। उनीहरू सद्‌गति दिनेवाला गुरु पनि होइनन्। सद्‌गति ज्ञानबाट नै हुन्छ। सबैको सद्‌गति दाता ज्ञान-सागर बाबा नै हुनुहुन्छ। यो अक्षर राम्रोसँग नोट गर। धेरै छन् जो यहाँ सुनेर बाहिर गए भने यहाँको यहीँ रहन्छ। जस्तै गर्भ जेलमा भन्छन्– हामी पाप गर्दैनौँ। बाहिर निस्किए, बस् त्यहाँको त्यहीँ रह्यो। अलि ठूलो भयो पाप गर्न थाल्छन्। काम कटारी चलाउँछन्। सत्ययुगमा त गर्भ पनि महल रहन्छ। त्यसैले बाबा बसेर सम्झाउनुहुन्छ– आखिर त्यो दिन आयो आज। कुन दिन? पुरुषोत्तम सङ्गमयुगको। जसको कसैलाई थाहा छैन। बच्चाहरूले महसुस गर्छन्– हामी पुरुषोत्तम बन्छौँ। उत्तम भन्दा उत्तम पुरुष हामी नै थियौँ, श्रेष्ठ भन्दा श्रेष्ठ धर्म थियो। कर्म पनि श्रेष्ठ भन्दा श्रेष्ठ थिए। रावण राज्य नै हुँदैन। आखिर त्यो दिन आयो जो बाबा आउनुभएको छ पढाउन। उहाँ नै पतित-पावन हुनुहुन्छ। त्यसैले यस्तो बाबाको श्रीमतमा चल्नुपर्छ नि। अहिले हो कलियुगको अन्त। थोरै समय पनि चाहिन्छ नि, पावन बन्नको लागि। ६० वर्षपछि वानप्रस्थ भनिन्छ। ६० त लाग्यो लाठी। अहिले त हेर ८० वर्षकाले पनि विकारलाई छोड्दैनन्। बाबा भन्नुहुन्छ– म यिनको वानप्रस्थ अवस्थामा प्रवेश गरेर यिनलाई सम्झाउँछु। आत्मा नै पवित्र बनेर पार जान्छ। आत्मा नै उड्छ। अहिले आत्माको पङ्ख काटिएको छ। उड्न सक्दैन। रावणले पङ्ख काटिदिएको छ। पतित बनेको छ। कोही एक पनि फर्केर जान सक्दैन। पहिला त सुप्रीम बाबालाई चिन्नुपर्छ। शिवको बरियाँत भनिन्छ नि। शङ्करको बरियाँत हुँदैन। बाबाको पछाडि हामी सबै बच्चाहरू जान्छौँ। बाबा आउनुभएको छ लिनको लागि। शरीरसहित त लैजानुहुन्न नि। आत्माहरू सबै पतित छन्। जबसम्म पवित्र बन्दैनन् तबसम्म फर्केर जान सक्दैनन्। प्युरिटी थियो तब पिस र प्रासपर्टी थियो। केवल तिमी आदि सनातन देवी-देवता धर्मवालाहरू नै थियौ। अहिले अरू सबै धर्मवालाहरू छन्। दैवी धर्म छैन। यसलाई कल्प वृक्ष भनिन्छ। बरको वृक्षसँग यसको तुलना गरिन्छ। जरा छैन। बाँकी सारा वृक्ष खडा छ। त्यसैगरी यो पनि देवी-देवता धर्मको फाउन्डेसन छैन। बाँकी सारा वृक्ष खडा छ। थियो अवश्य तर प्राय: लोप भएको छ फेरि रिपिट हुनेछ। बाबा भन्नुहुन्छ– म फेरि आउँछु एक धर्मको स्थापना गर्न, बाँकी सबै धर्महरूको विनाश हुन्छ। नत्र सृष्टि चक्र कसरी घुम्छ? भनिन्छ पनि– वर्ल्डको इतिहास-भूगोल रिपिट। अहिले पुरानो दुनियाँ छ फेरि नयाँ दुनियाँ रिपिट हुनु छ। यो पुरानो दुनियाँ बदलिएर नयाँ दुनियाँ स्थापना हुनेछ। यही भारतवर्ष नयाँ सो पुरानो बन्छ। भनिन्छ– जमुनाको किनारमा परिस्तान थियो। बाबा भन्नुहुन्छ– तिमी काम चितामा बसेर कब्रिस्तानी बनेका छौ। फेरि तिमीलाई परिस्तानी बनाउँछु। श्रीकृष्णलाई श्याम सुन्दर भनिन्छ– किन? कसैको पनि बुद्‌धिमा छैन। नाम त राम्रो छ नि। राधे र कृष्ण– यी हुन् न्यु वर्ल्डका प्रिन्स-प्रिन्सेज। बाबा भन्नुहुन्छ– काम चितामा बस्नाले आइरन एजमा छन्। गाइएको पनि छ, सागरका बच्चाहरू काम चितामा जलेर मरे। अब बाबाले सबैमाथि ज्ञान वर्षा गर्नुहुन्छ। फेरि सबै जानेछन् गोल्डेन एजमा। अहिले हो सङ्गमयुग। तिमीलाई अविनाशी ज्ञान रत्नहरूको दान मिल्छ, जसबाट तिमी धनवान बन्छौ। यो एक-एक रत्न लाखौँ रुपियाँको छ। उनीहरू फेरि सम्झन्छन्– शास्त्रहरूका भर्सन्स लाखौँ रुपियाँका छन्। तिमी बच्चाहरू यो पढाइबाट पद्‌मपति बन्छौ। सोर्स अफ इनकम हो नि। यी ज्ञान रत्नहरूलाई तिमीले धारण गर्छौ। झोली भर्छौ। उनीहरू फेरि शङ्करको लागि भन्छन्– हे बम बम महादेव, भरिदेऊ झोली। शङ्करमाथि कति आरोप लगाएका छन्। ब्रह्मा र विष्णुको पार्ट यहाँ छ। यो पनि तिमीलाई थाहा छ– ८४ जन्म विष्णुको लागि पनि भनिन्छ, लक्ष्मी-नारायणको लागि पनि। तिमी ब्रह्माको लागि पनि भन्नेछौ। बाबा बसेर सम्झाउनुहुन्छ– राइट के हो, गलत के हो, ब्रह्मा र विष्णुको पार्ट के छ। तिमी नै देवता थियौ, चक्र लगाएर ब्राह्मण बन्यौ फेरि अब देवता बन्छौ। पार्ट सारा यहाँ बज्छ। वैकुण्ठको खेल-पाल देख्छन्। यहाँ त वैकुण्ठ छैन। मीरा डान्स गर्थिन्। त्यो सबै साक्षात्कार भनिन्छ। कति उनको मान छ। साक्षात्कार गरिन्, श्रीकृष्णसँग डान्स गरिन्। त्यो के हो! स्वर्गमा त गइनन् नि। गति-सद्‌गति त सङ्गममा नै मिल्न सक्छ। यो पुरुषोत्तम सङ्गमयुगलाई तिमीले बुझेका छौ। हामी बाबाद्‌वारा अब मनुष्यबाट देवता बनिरहेका छौँ। विराट रूपको पनि नलेज चाहिन्छ नि। चित्र राख्छन्, केही पनि बुझ्दैनन्। अकासुर-बकासुर यी सबै यस सङ्गमका नाम हुन्। भस्मासुर पनि नाम छ। काम चितामा बसेर भस्म भएका छन्। अब बाबा भन्नुहुन्छ– म सबैलाई फेरि ज्ञान चितामा बसाएर लैजान्छु। आत्माहरू सबै भाइ-भाइ हुन्। भनिन्छ पनि– हिन्दू-चीनी भाइ-भाइ, हिन्दू-मुस्लिम भाइ-भाइ हुन्। अब भाइ-भाइ पनि आपसमा लडिरहन्छन्। कर्म त आत्माले गर्छ नि। शरीरद्‌वारा आत्मा लड्छ। पाप पनि आत्मामा लाग्छ, त्यसैले पाप आत्मा भनिन्छ। बाबाले कति प्यारले बसेर सम्झाउनुहुन्छ। शिवबाबा र ब्रह्मा बाबा दुवैलाई हक छ बच्चा-बच्चा भन्न। बाबा, दादाद्‌वारा भन्नुहुन्छ– हे बच्चाहरू! बुझ्छौ नि, हामी आत्मा यहाँ आएर पार्ट खेल्छौँ। फेरि अन्तमा बाबा आएर सबैलाई पवित्र बनाएर साथ लैजानुहुन्छ। बाबाले नै आएर नलेज दिनुहुन्छ। आउनुहुन्छ पनि यहीँ। शिव जयन्ती पनि मनाउँछन्। शिव जयन्तीपछि फेरि हुन्छ कृष्ण जयन्ती। श्रीकृष्ण नै फेरि श्रीनारायण बन्छन्। फेरि चक्कर

लगाएर अन्तमा कालो (पतित) बन्छन्। बाबा आएर फेरि गोरो बनाउनुहुन्छ। तिमी ब्राह्मण सो देवता बन्नेछौ। फेरि सिँढी ओर्लनेछौ। यो ८४ जन्मको हिसाब अरू कसैको बुद्धिमा हुँदैन। बाबाले नै बच्चाहरूलाई सम्झाउनुहुन्छ। गीत पनि सुन्यौ– आखिर भक्तहरूको सुनुवाइ हुन्छ। बोलाउँछन् पनि– हे भगवान आएर हामीलाई भक्तिको फल दिनुहोस्। भक्तिले फल दिँदैन। फल भगवानले दिनुहुन्छ। भक्तहरूलाई देवता बनाउनुहुन्छ। धेरै भक्ति तिमीले गर्‍यौ। पहिला-पहिला तिमीले नै शिवको भक्ति गर्‍यौ। जसले राम्रोसँग यी कुराहरूलाई बुझ्छन्, तिमीले महसुस गर्नेछौ– यो हाम्रो कुलको हो। कसैको बुद्धिमा ठहर्दैन भने सम्झ– भक्ति धेरै गरेको छैन, पछि आएको हो। यहाँ पनि पहिला आउँदैनन्। यो हिसाब हो। जसले धेरै भक्ति गरेको छ उसलाई धेरै फल मिल्नेछ। थोरै भक्ति थोरै फल। उनीहरू स्वर्गको सुख भोग्न सक्दैनन् किनकि सुरुमा शिवको भक्ति थोरै गरेका छन्। तिम्रो बुद्धिले अब काम गर्छ। बाबाले भिन्न-भिन्न युक्तिहरू धेरै सम्झाउनुहुन्छ। अच्छा!

मीठे-मीठे सिकिलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) एक-एक अविनाशी ज्ञान रत्न जो पद्महरूको समान छन्, यिनबाट आफ्नो झोली भरेर, बुद्धिमा धारण गरेर फेरि दान गर्नु छ।

२) श्री श्रीको श्रेष्ठ मतमा पूरा-पूरा चल्नु छ। आत्मालाई सतोप्रधान बनाउनको लागि देही-अभिमानी बन्ने पूरा-पूरा पुरुषार्थ गर्नु छ।

वरदानः– सबैप्रति शुभ भाव र श्रेष्ठ भावना धारण गर्ने हंस बुद्धि होलीहंस भव

हंस बुद्धि अर्थात् सदा हरेक आत्माप्रति श्रेष्ठ र शुभ सोच्नेवाला। पहिला हरेक आत्माको भावलाई पहिचान गर्नेवाला र फेरि धारण गर्नेवाला। कहिल्यै पनि बुद्धिमा कुनै पनि आत्माप्रति अशुभ वा साधारण भाव धारण नहोस्। सदा शुभ भाव र शुभ भावना राख्नेवाला नै होलीहंस हुन्। उनीहरू कुनै पनि आत्माको अकल्याणको कुरा सुन्दा, देख्दा पनि अकल्याणलाई कल्याणको वृत्तिले बदलिदिनेछन्। उनीहरूको दृष्टि हरेक आत्माप्रति श्रेष्ठ शुद्ध स्नेहको हुनेछ।

स्लोगनः– प्रेमले भरपुर यस्तो गङ्गा बन जो तिमीबाट प्यारको सागर बाबा देखाइदेओस्।

अव्यक्त इसाराः– सहजयोगी बन्नु छ भने परमात्म प्यारको अनुभवी बन

कयौँ भक्त आत्माहरू प्रभु प्रेममा लीन हुन चाहन्छन् र कयौँ फेरि ज्योतिमा लीन हुन चाहन्छन्। यस्ता आत्माहरूलाई सेकेन्डमा बाबाको परिचय, बाबाको महिमा र प्राप्ति सुनाएर सम्बन्धको लवलीन अवस्थाको अनुभव गराऊ। लवलीन भए भने सहजै लीन हुने राजलाई पनि बुझ्नेछन्।